

के तपाईको घर पा(
नीले रसाएको छ ?
अब चिन्ता नगर्नुहोस !
चिन्ताको समाधान Waterproofing
ले गर्ने छ । १00% ग्यारेन्टीका साथ
समस्यको समाधान ।
सम्पर्कः प्रगति ट्रेड कर्न्सन
रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)
०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३



राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्कः
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २४ ❑ अङ्क २४७ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०८० असोज १ गते आइतबार ❑ 17 Sept. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५ ।-


## दोस्रो पञ्चवर्षीय योजनामा कार्यान्वयन हुने योजना मात्रै समेटिनेछ : मुख्यमन्त्री पाण्डे

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

गण्डकी प्रदेश सरकारले चालु वर्ष दोस्रो पञ्चवर्षीय योजना (२०८०/८१-२०८५/८६) निर्माण गर्दैछ । उक्त योजना निर्माणकालागि आईतवार अवधारणा पत्र पारित भएको छ । प्रदेश नीति तथा योजना आयोगले तयार गरेको अवधारण पत्र मुख्यमन्त्री तथा आयोगका अध्यक्ष सुरेन्द्रराज पाण्डेको अध्यक्षतामा बसेको बैठकले पारित गरेको हो ।



मुख्यमन्त्री पाण्डेले बसाईसराई रोक्ने, उत्पादन र उत्पादकत्व वृद्धी गर्ने, रोजगारीको अवसर सिर्जना गर्ने गरी दोस्रो पञ्चवर्षीय योजना बनाउन सुझाव दिए । 'कार्यन्वयन हुने खालका योजना मात्रै दोस्रो पञ्चवर्षीय योजनामा समेट्नुपर्छ' उनले भने 'गर्नै नसकिने महत्वकांक्षी योजना राख्नका लागि मात्रै उल्लेख नगर्नुहोस् ।' 'आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी' भन्ने सोच र उत्पादकत्व वृद्धी, सामाजिक न्याय र सम्मुन्ति हासिल गर्ने लक्ष्यका साथ दोस्रो पञ्चवर्षीय योजनाको कार्यदिशा तय भएको प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष डा. कृष्णचन्द्र देवकोटाले बताए ।

उत्पादन र उत्पादकत्व अभिवृद्धि तथा कृषि क्षेत्रमा रुपान्तरण गर्नु, विकासका पूर्वाधारको सुदृढीकरण, पर्यटन प्रवर्द्धन, औद्योगिक विकास र रोजगारी सिर्जना गर्नु लगायत उद्देश्य अवधारणा पत्रमा उल्लेख छ । विकासका लाभको समन्यायिक वितरण सुनिश्चित गरी सामाजिक न्याय स्थापित गर्नु, गुणस्तरीय सार्वजनिक सेवा र सुशासन अभिवृद्धि गर्नु, मानव पुँजी, उत्थानशील विकास र आर्थिक क्रियाशीलता मार्फत समृद्धि हासिल गर्नु दोस्रो पञ्चवर्षीय योजनाको मुख्य उद्देश्य रहेको छ । प्रदेशको अर्थतन्त्रको सुदृढिकरण, वित्तीय स्रोत पहिचान र व्यवस्थापन, सामाजिक सुरक्षा, संरक्षण, समावेशीकरण र सशक्तिकरण, श्रम रोजगारी, उत्पादन तथा गरिबी न्यूनीकरण, गुणस्तरीय शिक्षा तथा स्वास्थ्य क्षेत्रको सबलीकरण रणनीतिक क्षेत्र समेटिएको प्रदेश योजना आयोगका उपाध्यक्ष देवकोटाले बताए । दिगो पूर्वाधार विकास, पर्यटन र शहरीकरण, वन वातावरण, जैविक विविधता तथा विपद् जोखिम व्यवस्थापन, पुँजी निर्माण र लगानी, विनियोजन कुशलता, पुँजीगत खर्च र संस्थागत क्षमता, सुशासन तथा सार्वजनिक सेवा प्रवाह लगायत क्षेत्रमा केन्द्रित रहेर रणनीति बनेको उनले बताए ।

दोस्रो पञ्चवर्षीय योजना निर्माण प्रक्रिया सहभागितामूलक हुनेछ । 'प्रदेशका सामाजिक, आर्थिक र भौतिक पूर्वाधारको क्षेत्रगत तथ्याङ्क, अवस्था, समस्या, चुनौती र अवसरहरु समेटिनेछ' उपाध्यक्ष देवकोटाले भने । प्रदेश सरकारका विभिन्न पदाधिकारी तथा निकायका प्रतिनिधि, राजनीतिक दल, निजी क्षेत्र, गैर सरकारी क्षेत्र, विकास साझेदार र युवा वर्ग लगायतसँग छलफल तथा अन्तरक्रिया गरिने उनले बताए । जिल्लाबाट प्रतिनिधित्व गर्ने प्रतिनिधि सभा र प्रदेश सभाका सांसद, जिल्ला समन्वय समितिका पदाधिकारी, नेपाल नगरपालिका संघ, गाउँपालिका राष्ट्रिय महासंघ, स्थानीय तहका प्रमुख, उपप्रमुख, अध्यक्ष, उपाध्यक्ष, नागरिक समाजका प्रतिनिधि, गैह्रसरकारी संस्था, प्राज्ञ, निजी क्षेत्र, जिल्ला स्थित सरकारी कार्यालयका प्रमुख तथा प्रतिनिधि, पत्रकार तथा अन्य सरोकारवालासँग पनि छलफल हुने प्रदेश नीति तथा योजना आयोगका उपाध्यक्ष देवकोटाले बताए । छलफल तथा अन्तरक्रियाबाट प्राप्त सुझावका आधारमा योजनाको मस्यौदा दस्तावेजलाई परिमार्जन गरिँदै लगिने नीति योजना आयोगले जनाएको छ । 'अन्तिम मस्यौदालाई प्रदेश विकास परिषद्को बैठकमा प्रस्तुत गरी अनुमोदन गराइनेछ' उपाध्यक्ष देवकोटाले भने । आइतवारको बैठकमा प्रमुख सचिव, प्रदेश नीति योजना आयोगका सदस्यहरु लगायतको उपस्थिती थियो ।

## मिटरमा नचल्ने ट्याक्सीलाई कारबाही

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

पोखरामा मिटर प्रणालीमा नचल्ने ट्याक्सी कारबाहीमा परेका छन् । एक महिनाको अवधिमा ९५ ट्याक्सीलाई कारबाही गरिएको ट्राफिक प्रहरी कार्यालय, कास्कीका प्रहरी वरिष्ठ नायब निरीक्षक शिवप्रसाद पाठकले जानकारी दिनुभयो ।

गण्डकी प्रदेशको भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्था मन्त्रालयले यही भदौ १ गतेदेखि पोखरा उपत्यकामा अनिवार्य मिटर प्रणाली लागू गरेको थियो । "मिटर प्रणाली लागू भएपछि ट्याक्सीको कडाइका साथ अनुगमन भइरहेको छ", प्रवनानि पाठकले भन्नुभयो, "जरिवानाबाट रु ९८ हजार राजस्व उठेको छ, अझै ५१ ट्याक्सीको राजस्व जम्मा हुन बाँकी छ ।"

मिटरमा नगुड्ने ट्याक्सीलाई सवारी ऐनअन्तर्गत कारबाही गर्ने गरिएको उहाँको भनाइ छ । मिटरमा हिँड्न अटेर गर्ने ट्याक्सी चालकले न्यूनतम रु दुई हजार एक सयदेखि बढीमा रु पाँच हजार पाँच सयसम्म जरिवाना तिरेका हुन् । "ट्याक्सी मिटरमा चले/नचलेकाबारे मन्त्रीज्यू र मन्त्रालयका पदाधिकारीबाट पनि बेलाबेला अनुमगन हुने गरेको छ", प्रवनानि पाठकले भन्नुभयो, "यात्रुबाट गुनासो आउनासाथ ट्राफिक प्रहरीले तत्काल कारबाही गर्छ ।" ट्याक्सीले मनपरी भाडा लिएर यात्रु ठग्ने गरेको जनगुनासो बढेपछि मन्त्रालयले मिटर प्रणाली लागू गर्न पहल लिएको थियो ।

भौतिक पूर्वाधार विकास तथा यातायात व्यवस्थामन्त्री रेशमबहादुर जुग्जालीसँग पटक-पटक भएको छलफलमा ट्याक्सी व्यवसायीहरू मिटर प्रणालीमा चल्न सहमत भएका थिए ।

विसं २०७८ फागुन १ गतेदेखि लागू हुने गरी प्रदेश सरकारले भाडादर समायोजन गरे पनि पोखराका ट्याक्सी मिटरमा चलेका थिएनन् । दुई वर्षअघि समायोजन गरेको भाडादरअनुसार १५ किमीको यात्रामा चढ्ना साथ (फ्ल्याग डाउन) रु ८० र त्यसपछि प्रतिदुई सय मिटरको १० रूपैयाँ तोकिएको छ । १५ किमीभन्दा बढीको दूरीमा प्रतिकिमी रु ३७ रूपैयाँ ५० पैसा कायम गरिएको थियो । मन्त्रालयको प्रशासन तथा यातायात व्यवस्थापन महाशाखाका प्रमुख टीकाराम पौडेलले विगतमा प्रतिबद्धता गरेको विषयलाई ट्याक्सी व्यवसायीले लागू गर्नुपर्ने बताउनुभयो । उहाँले ट्याक्सीले मनलाग्दी भाडा लिने प्रवृत्तिको अन्त्य गरिने उल्लेख गर्नुभयो । "ट्राफिक प्रहरीले यसको नियमित अनुगमन गर्छ, मन्त्रालयबाट पनि नियमन हुन्छ, मिटर प्रणालीमा नचल्ने ट्याक्सीलाई कानूनबमोजिम कारबाही हुन्छ", उहाँले भन्नभयो, "प्रदेश सरकार र ट्याक्सी व्यवसायीबीच भाडा समायोजनलगायत विषयमा भएका समझदारी कार्यान्वयनमा दवै पक्ष जिम्मेवार हुनुपर्छ ।"

## संस्कृति हाम्रा पहिचान हुन् : प्रदेश प्रमुख गुरुङ

**पोखरापत्र संवाददाता**
पोखरा, ३१ भदौं

गण्डकी प्रदेश प्रमुख पृथ्वीमान गुरुङले संस्कृति हाम्रो पहिचान भएको बताउनुभएको छ । नेपाली महिलाको महान् पर्व हरितालिका तीजको अवसरमा शुभकामना सन्देश व्यक्त गर्दै उहाँले चाडपर्व हाम्रा संस्कृतिक पहिचान भएको उल्लेख गर्नुभयो ।

मौलिक संस्कृतिको प्रवर्द्धन गदै संस्कारयुक्त सामाजिक वातावरण तयार गर्न यस्ता चाडपर्वहरूको मौलिकता जोगाउनु अहिलेको आवश्यकता रहेको सन्देशमा भनिएको छ । सामाजिक एकताको प्रतीकका रूपमा रहेको हरितालिका तीजले सबैमा खुसी साटासाट गर्दै सामाजिक, सांस्कृतिक तथा पारिवारिक एकता र सम्बन्धलाई दृढ गर्न सकोस् भन्ने उहाँले शुभकामना व्यक्त गर्नुभएको छ । "हरितालिका तीजलाई नेपाली महिलाले एक सनातन सांस्कृतिक पर्वको रूपमा मनाउँदै आएका छन्", उहाँले भन्नुभयो, "भाद्र शुक्ल द्वितीयदेखि पञ्चमीसम्म चार दिन मनाइने यस पर्वमा आफ्नो र आफ्नो परिवारजनको कल्याणको लागि तृतीयका दिन शिव-पार्वतीको र पञ्चमीका दिन सप्तऋषिको पूजा उपासना गर्नाले मनोकामना पूरा हुने विश्वास छ ।" विवाह पश्चात् महिलाहरू आफ्नो जन्मघर, मातापिता, भाइबहिनी, इष्टमित्र र समाजलाई छोडेर कर्मघरमा जीवन बिताउँदा आउने माइतीको यादलाई कमी गर्ने एउटा अवसरको रूपमा समेत तीज पर्वलाई महिलाहरूले लिने गरेको प्रदेश प्रमुख गुरुङले भन्नुभएको छ ।

## पढाउन छाडेर आन्दोलनमा उत्रन आब्ह्वान

**श्रीकृष्ण सिग्देल**
स्याङ्जा, ३१ भदौं

नेपाल शिक्षक महासंघले असोज ३ गतेदेखी विद्यालयहरुको पठनपाठन बन्द गरेर आन्दोलनमा उत्रन सबै शिक्षक शिक्षिकाहरुलाई आब्ह्वान गरेको छ ।

शिक्षा मन्त्रालयले ल्याएको नयाँ शिक्षा विद्येयक संसदबाट पारित गरी लागु गर्न लागेको बिरोधमा महासंघले पठनपाठन बन्द गरी आन्दोलनमा उत्रन आब्ह्वान गरेको हो । स्याङ्जाका शिक्षकहरुको पेशागत संघसंगठनले संयुक्त विज्ञप्ती जारी गर्दै सरकारले ल्याउन लागेको नयाँ शिक्षा विद्येयकमा पुर्ण असहमति जनाउदै सबै शिक्षकहरुलाई आन्दोलनमा उत्रन आब्ह्वान गरेका छन् ।

नेपाल शिक्षक महासंघ स्याङ्जाका कार्यबहाक अध्यक्ष बन्दना लम्साल, सचिव लोकबहादुर गुरुङ, नेपाल शिक्षक संघका अध्यक्ष पशुपति पौडेल, नेपाल राष्ट्रिय शिक्षक संगठनका अध्यक्ष हिमलाल ढकाल, एकिकृत अखिल नेपाल शिक्षक संगठनका अध्यक्ष अमृत प्रसाद खनाल, नेपाल राहत शिक्षक समितिका अध्यक्ष दिपक ज्ञावाली र नेपाल विद्यालय कर्मचारी परिषदका सचिव ध्रुव पंगेनीले संयुक्त हस्ताक्षर गरी विज्ञप्ती जारी गर्दै शिक्षकको पेशागत हकहितका लागि आन्दोलनमा होमिन आग्रह गरिएको छ ।

विज्ञप्तीमा भनिएको छ नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्धारा संसदमा दर्ता भएको विद्यालय शिक्षा सम्बन्धी कानुनलाई संसोधन र एकिकरण गर्न बनेको विद्येयक २०८० प्रति पुर्ण असहमति रहेको उल्लेख गरिएको छ । सरकार सगँ पटक–पटक सहमति हुदै


बाँकी अन्तिम पृष्ठमा ▶▶



## शिक्षक आवश्यकता

प्रस्तुत विषयमा यस श्री भद्रकाली माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको मिति २०८०/०५/२९ गतेको बैठकको निर्णय अनुसार साथै पोखरा महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, शिक्षा महाशाखाको मिति २०८०/०५/३१ गतेको च.नं. १७० को अनुमति पत्र अनुसार यस विद्यालयमा रिक्त रहेको नि.मा.वि. तह राहत अनुदान कोटा नि.मा.वि. विज्ञान विषयमा पदपूर्तिका लागि यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमको कागजात सहित इच्छुक योग्यता पुगेका नेपाली नागरिकहरूबाट रितपूर्वकको दरखास्त आब्हान गरिन्छ ।

तपसिलः विज्ञानपन नं. ०६/२०८०/८१ विज्ञापन मितिः २०८०/०५/३१

**पदः शिक्षक** **श्रेणीः तृतीय** **तहः निमावि** (**राहत अनुदान कोटा**) **विषयः विज्ञान**

**शैक्षिक योग्यताः** विज्ञान मूल विषय लिई प्रविणता प्रमाण पत्र तह वा सो सरह उत्तीर्ण

**दरखास्त दस्तुरः** रु. १५००/-(अक्षरेपी एक हजार पाँच सय मात्र)

**सेवा सुविधाः** नेपाल सरकारको नियमानुसार

**उमेरः** १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको

**परीक्षाको किसिमः** लिखित र अन्तरवार्ता

**दरखास्त दिने अन्तिम मितिः** २०८०/०६/१४ गते आइतबार दिउसो ३ः३० वजेभित्र विद्यालय प्रशासनमा

**सम्पर्क मितिः** २०८०/०६/१५ गते सोमबार

**आवश्यक कागजातहरुः**

१. शैक्षिक योग्यताका प्रमाण पत्रका छायाँ कपी - २ प्रति
२. नेपाली नागरिकताको छायाँ कपी- - २ प्रति
३. अध्यापन अनुमति पत्रको छायाँ कपी - २ प्रति
४. हस्तलिखित निवेदन

पुनश्चः उल्लेखित रित नपुगेको दरखास्तलाई मान्यता दिइने छैन ।

**थप जानकारीका लागिः**
**श्री भद्रकाली माध्यमिक विद्यालय**
कुँडहर, पोखरा-१३, कास्की
**सम्पर्क नं.** ०६१-५७०७८७, ०६१-५८३७८७
**इमेलः** bhadrakalisecondaryschool @gmail.com



सुपथ मूल्यमा आकर्षक छपाइ



पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्पलेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१-५७०६५१

# पोखरामा नेपालकै सर्वाधिक राशीको खुला फुटसल प्रतियोगिता

पोखरापत्र संवाददाता
पोखरा, ३१ भदौं

पोखरामा राजन एण्ड द ब्रदर्शले नेपालकै सर्वाधिक राशीको 'दोस्रो राष्ट्रिय खुला फुटसल प्रतियोगिता' आयोजना गर्ने भएको छ।

'परिवर्तनका लागि खेलकुद' नारासहित पोखरा रंगशालास्थित कभर्ड हलमा प्रतियोगिता सञ्चालन हुने आइतबार आयोजित पत्रकार सम्मेलनमार्फत जानकारी दिइएको हो। आयोजक संस्थाका अध्यक्ष राजन गुरुङले सो प्रतियोगिता आगामी असोज २७ गतेदेखि ३० गतेसम्म सञ्चालन हुने बताए। उनले राष्ट्रिय फुटसल लिग च्याम्पियन पोखराको स्पोर्टस् क्यासल प्रालिसँग सहकार्य गरेर प्रतियोगिता सञ्चालन गर्ने बताए । यसअघि सम्पन्न पहिलो संस्करणको प्रतियोगितामा आयोजक र



स्पोर्टस् क्यासलबाट खेलेका ४ जना खेलाडी राष्ट्रिय फुटसल टिममा परेकाले आफूहरुलाई थप हौसला मिलेको सुनाए। 'पहिलो संस्करण कोभिडको समय भएकाले 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारासहित आयोजना गरेका थियौं, उनले भने त्यो प्रतियोगितामा आयोजकबाट खेलेका भाइहरु राष्ट्रिय टिममा परेपछि दोस्रो संस्करणमा पुरस्कार राशी वृद्धि गरेका हौं ।' उनका अनुसार यो वर्ष मंगोलियामा हुने प्रतियोगिता लागि घोषणा भएको नेपाली टोलीमा स्पोर्टस् क्यासलको तर्फबाट सुमित श्रेष्ठ (मेस्सी), राम शाही, र दिपेश घले छनोट भएका छन् भने राजन एण्ड द ब्रदर्शबाट खेलेका आरुष सिंह ठकुरी पनि नेपाली टोलीमा स्थान बनाएका छन् । अध्यक्ष गुरुङले यसपटक 'परिवर्तनका लागि खेलकुद' भन्ने नारासहित प्रतियोगिता सञ्चालन गर्ने बताउदै भने, 'पहिलो संस्करणमा खेलेका ४ जना भाइहरु यसपटक राष्ट्रिय टिममा परेका छन् । त्यसैले यो प्रतियोगिताबाट पनि उदीयमान र नयाँ खेलाडीले राष्ट्रिय टिममा स्थान बनाउँनेछन् भन्नेमा विश्वस्त छौं ।' प्रतियोगिता संयोजक आशिष क्षेत्रीले पुरस्कार राशी वृद्धि गरेर ५ लाख पुर्याइएको जानकारी दिए । उनका अनुसार पहिलो संस्करणमा उपाधि राशी ३ लाख रुपैयाँ थियो । यस पटक दोस्रो संस्करणको विजेतालाई ५ लाख रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्रदान गर्ने बताए। यस्तै उपविजेताले ३ लाख रुपैयाँ, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् ।

विधागततर्फ प्रतियोगिताबाट सर्वोत्कृष्ट हुने खेलाडीले ५० हजार रुपैयाँ प्राप्त गर्नेछ भने उत्कृष्ट गोलरक्षक, सर्वाधिक गोलकर्ता र उदीयमान खेलाडीले जनही २५/२५ हजार रुपैयाँबाट पुरस्कृत हुनेछन् । देशभरबाट कुल ३० बढी टिमको सहभागिता रहेको आयोजकको अपेक्षा छ भने प्रतियोगितामा सहभागिता हुनका लागि २५ हजार दर्ता शुल्क निर्धारण गरिएको छ ।

# एमाले गण्डकीको अधिवेशन रयाली झाँकीमय हुने

पोखरापत्र संवाददाता
पोखरा, ३१ भदौं

असोज १५ र १६ गते पोखरामा हुने नेकपा एमाले गण्डकी प्रदेसको प्रथम अधिवेशन साँस्कृतिक झाँकीले झकिझकाउ हुने भएको छ।

एमाले अध्यक्ष केपी शर्मा ओलीले उदघाटन गर्नुहुने अधिवेशन पुर्व आयोजना गरिने प्रदर्शनमा गण्डकी प्रदेशको हिमाल-पहाड- तराइको सम्पुर्ण साँस्कृतिक झाँकी प्रस्तुत गरिने भएको हो। झाँकी ब्यवस्थापन उपसमिति संयोजक हुम बहादुर गुरुङको अध्यक्षता सम्पन्न बैठकले एमाले गण्डकी प्रदेश अधिवेशनको उदघाटन र्यालीले साँस्कृतिक विविधताको संगम, राष्ट्रिय एकता र सद्भावको सन्देश दिने गरि तयारी गर्ने निर्णय गरेको हो । अधिवेशनमा घाँटु, चुडका, छ्याडु, कौरा, सोरठी, बालन, भजन, तायमचा, लाखे नाच, लठ्ठी नाच, तामाङ सेलो, थकाली, हिमाली नाच, गन्धर्व संस्कृति, पन्चै बाजा लगायत विभिन्न समुदायगत र क्षेत्रगत मौलिक प्रस्तुतिहरु हुने झाँकी संयोजक गुरुङले जानकारी दिनुभयो । संयोजक गुरुङको अध्यक्षतामा भएको प्रथम चरणको बैठकमा नेकपा एमाले स्थायी कमिटी सदस्य किरण गुरुङ, प्रदेस कमिटी उपसचिव रश्मि आचार्यले अधिवेशनको तयारी र झाँकी ब्यवस्थापनका सन्दर्भमा भनाई राख्नु भएको थियो ।

# सहारा क्लवको अध्यक्षमा बराल

पोखरापत्र संवाददाता
पोखरा, ३१ भदौं

सहारा क्लव पोखराको अध्यक्षमा केशवराज बराल चयन हुनु भएको छ।

क्लवको शनिबार पोखरामा सम्पन्न भएको १३ औं अधिवेसनले आगामी दुई बर्षीय कार्यकालको लागि बरालको अध्यक्षतामा नयाँ कार्यसमिति चयन गरेको हो । त्यसै गरी क्लवको बरिष्ठ उपाध्यक्षमा पूर्ण बहादुर गुरुङ, उपाध्यक्षमा चित्र बहादुर पुन, महासचिवमा पुनःरामजी प्रसाद अधिकारी सचिवमा टंकराज



पौडेल कोषाध्यक्षमा बिनु राना मगर सहकोषाध्यक्षमा अशोक लालचल चयन हुनु भएको हो ।

त्यसै गरी क्लवको सदस्यमा ज्योति केसी, चन्द्रावती गुरुङ, अम्बर राजभण्डारी, बिष्णु गुरुङ, शुसिल रिमाल र केशव पौडेल चयन हुनु भएको हो । निवर्तमान अध्यक्षमा हरिराम गुरुङ (सुरज) रहनु भएको छ।

# लामाचौर कप भलिबल: पुरुषतर्फ पुलिस र महिला तर्फ डायमण्ड शीर्षस्थानमा

पोखरापत्र संवाददाता
पोखरा, ३१ भदौं

लामाचौरमा जारी राष्ट्रिय भलिबल प्रतियोगितामा महिलातर्फ डायमण्ड र पुरुष तर्फ पुलिस क्लब शीर्षस्थानमा रहेका छन् ।

नव आदर्श सामुदायिक विकास समाजको आयोजनामा जारी राष्ट्रिय महिला तथा पुरुष भलिबल प्रतियोगितामा आइतबार राउन्डरोविन लिग चरणको सम्पुर्ण खेल सम्पन्न हुने भनिएपनि सम्भवन नहुँदा फाइनल तथा लिगका अन्य खेल सोमबार हुने भएको छ । महिला तर्फ लिगचरण सम्पन्न हुने स्थिति भएपनि अन्तिम खेलमा एपिएफ र पुलिस बिचको खेल प्रकाशका कारण हुन नसक्दा खेल स्थगित हुन पुगेको हो । अन्तिम खेलमा पुलिसले लगातार दुई सेट जित हासिल गर्दै अन्तिम जितको खोजिमा हुँदा एपिएफ खेलमा फर्कदै लगातार दुई सेट आफ्नो पक्षमा पार्न सफल भएको थियो । खेलको अन्तिम सेट चलिरहँदा साझँ भएपछि प्रकाश नपुग्ने भन्दै अफिसियलले खेल सोमबार खेलाउने निर्णय गरेको हो।

पुलिसले पहिलो सेट २५-२० र दोस्रो सेट २५-२३ ले जितेपनि तेस्रो सेट १९-२५ र चौथो सेट १६-२५ ले गुमाउन पुगेको हो। अन्तिम सेटमा एपिएफले अग्रता लिएको थियो । ७-५ को स्थितिमा खेल चलिरहँदा खेलमा प्रकाश नपुग्ने भएपछि खेल स्थगित भएको हो । उक्त खेल पुनः खेलाइने छ। स्थगित



खेल पोखरा रंगशालमा खेलाइने भएको आयोजकले जानकारि दिएको छ।

आइतबार भएको पहिलो खेलमा पुलिसले चन्द्रागिरी नगरपालिका न्यु डायमण्डलाई ३-२ को सेटमा पाखा लगायो । डायमण्डले २५-१८ ले जितेपनि दोस्रो सेट २०-२५ र तेस्रो सेट १४-२५ ले गुमाउन पुग्यो। चौथो सेटमा २५-२१ जित हात पारेपनि अन्तिम सेटमा १२-१५ को हार व्यहोर्दै कुल तीन खेलबाट ६ अंक बटुलेको छ।

यस्तै एपिएफले त्यो भन्दाअघि एभरेष्ट भलिबल क्लबलाई सोझो सेटमा हराउँदै तीन अंक जोड्न सफल भयो । एपिएफले २५-१६, २५-१४ र २५-१७ को सहज जित निकालेको थियो । तीनखेलबाट एपिएफको चार अंक रह्यो । एभरेष्ट भने तीन खेलमा तीन हार व्यहोर्दै अंकविहिन रह्यो।

यस्तै आइतबार नै पुरुषतर्फ भएको खेलमा पुलिसले गलकोटलाई सोझो सेटमा हरायो। पुलिसले २५-१८, २५-२१ र २५-१४ को सहज जित निकालेको हो। अर्को खेलमा गण्डकी प्रदेशले एपिएफलाई ३-१ को सेटमा हराएको छ । पहिलो सेट २३-२५ ले गुमाएको गण्डकीले दोस्रो सेटमा लय समात्दै जित हासिल गरेको हो। गण्डकीले २५-२३, २५-२३ र २५-१९ को जित निकालेको हो। प्रतियोगितामा महिलातर्फ ४ नेपाल पुलिस क्लव र शसस्त्र प्रहरीको एपिएफ क्लव, न्यू डायमण्ड क्लव तथा एभरेष्ट भलिबल क्लव बुटवलले सहभागिता छ। त्यसै गरि पुरुषतर्फ गण्डकी प्रदेश, विभागिय टोली नेपाल पुलिस क्लव र शसस्त्र प्रहरीको एपिएफ क्लव, मणिमुकुन्द क्लव बुटवल गरि पाँच टिमको सहभागिता छ । लामाचौर कप राष्ट्रिय भलिबल प्रतियोगितामा महिला र पुरुषतर्फ उपाधि विजेता, उपविजेता र तृतिय हुने टिमले क्रमशः नगद रु १ लाख ५० हजार १ सय ११, १ लाख १ सय ११ र ५० हजार १ सय ११ रुपैयाँका साथमा ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्नेछन्।

## पढाउन ...

आएका बुँदाहरुलाई वेवास्ता गरी शिक्षकहरुले उठाएका मुद्धालाई धज्जी उडाएको भन्दै हाम्रा मागलाई पुन सम्बोधन गर्न दवावमुलक आन्दोलन गर्नुपरेको विज्ञप्तीमा उल्लेख गरिएको छ। विज्ञप्तीमा असोज ३ गते देखी सम्पुर्ण सामुदायिक विद्यालयको पठनपाठन बन्द गरी काठमाण्डौं केन्द्रित आन्दोलनमा सहभागी हुन सबै शिक्षक कर्मचारीलाई अनुरोध गरिएको छ।

शिक्षकहरुको यो आन्दोलनलाई सहयोग गर्न जिल्लाका सबै स्थानीय सरकार, विद्यालय व्यवस्थापन समिति, प्रअ, शिक्षक अभिभावक संघ र विद्यार्थीहरुलाई अनुरोध गर्दै विद्यालय बन्दको क्षतीपुर्ति अन्य सार्वजनिक विदाहरुबाट पठनपाठन गरेर पुरा गर्ने प्रतिवद्धता समेत विज्ञप्ती मार्फत अनुरोध गरिएको छ। सरकारले ल्याएको शिक्षा ऐनमा सबै अधिकार स्थानीय सरकारलाई दिने गरी ल्याउन लागेको छ। शिक्षाको गुणस्तर बढाउन समुदायमै जिम्मेवारी दिदा बढ्न सक्ने सुझावका आधारमा स्थानीय सरकारलाई सबै अधिकार दिन खोजिएको बताइएको छ । शिक्षकलाई संघिय सरकारकै मातहतमा राख्नुपर्ने लगायतका धेरै माग राखेर नेपाली शिक्षकहरु आन्दोलनमा उत्रेका हुन्।


## कर्मचारी आवश्यकता

पोखरा महानगरपालिका वडा नं. १३ स्थित श्री आर्वा बहुउद्देश्यीय सहकारी संस्था लि. लाई निम्न पदमा कर्मचारी आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकले आफ्नो वायोडाटासहित संस्थाको कार्यालयमा दरखास्त दिनुहुन् यो सूचना प्रकाशित गरिएको छ ।

**पद**: व्यवस्थापक

**न्यूनतम योग्यताहरू** :

१) व्यवस्थापन संकायमा स्नातक उत्तीर्ण गरेको वा सो सरह योग्यता भएको।
२) सहकारी क्षेत्रमा कम्तीमा २ वर्ष अनुभव भएको।
३) कम्प्युटर तथा सफ्टवेयर सम्वन्धी ज्ञान भएको।
४) उमेर २५ वर्ष पुरा गरी ४० वर्ष ननाघेको।
५, सवारी चालक अनुमति पत्र प्राप्त गरेको ।

**सेवा सुविधा**: आकर्षक
**छनोट प्रक्रिया**: लिखित तथा अन्तर्वार्ता
**दरखास्त दिने अन्तिम मिति**: २०८०/०६/१० गते
**आवश्यक कागजातहरू**:
नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, शैक्षिक योग्यता प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रमाण पत्र, सवारी चालक अनुमति पत्रको प्रतिलिपि, हस्तलिखित निवेदन सहित ३ प्रति फोटो।
(नोटः प्राप्त आवेदनमा छानविन गरि कर्मचारी छनोट गर्ने वा नगर्ने अधिकार संस्थामा निहित रहनेछ।


पदपुर्ति उप-समिति
श्री आर्वा बहुउद्देश्यीय सहकारी संस्था लि.
पोखरा-१३
फोन नं. : ९७४५४५७७८५

## कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?

- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।



सम्पर्कः पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

## प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाइसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

## के तपाईमा यौनसम्बन्धी समस्या छ

**पुरूषमा देखिने**:
शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

**महिलाहरूमा देखिने**:
स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

**सुन्दरता** : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

**मलद्वार सम्वन्धी रोग** : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाझोपन) निःसन्तानपनको सफल उपचार

**जाँच्ने समय**: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युबेंद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०४, ९८०६५७५७६५

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्धसम्पादकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आम्दानी भन्दा खर्च बढी गरे कुवेर पनि गरीब हुन्छ ।
–चाणक्य

## सम्पादकीय

# फैलिदै तीज

केही वर्षअघि नेपालमा हिन्दु महिलाहरुले मनाउने हरितालिका (तीज) पछिल्लो समय नेपाली महिलाहरुको साझा चाडमा बिकास हुँदै गइरहेको छ। हिमालय पर्वतकी छोरी पार्वतीले महादेव पति पाउँ भनी व्रत बसेको दिनलाई तीज हरितालिका मनाउन थालिएको किंवदन्ती रहँदै आएको छ । विवाहीता महिलाले पतिको दिर्घायूको कामना गर्दै ब्रत बस्ने र विवाह नभएकाले सुयोग्य वर पाउँ भनी व्रत बस्ने गरिएको तीज अहिले महिलाहरुले आफ्नो अधिकारको रुपमा लिन थालेका छन् । समय अनुसार तीज फेरिदै गएको छ। सबैले महिलालाई दर खुवाउने र विभिन्न क्षेत्रमा योगदान दिएका महिलाई सम्मान गर्न थालेका छन्। त्यही भएर तीजको महत्व झन् बढ्दै गएको छ।

तीजलाई महिलाहरु माथि भएका भेदभाव र अन्यायका विरुद्ध गीतको माध्यमबाट आवाज उठाउने, महिला जागरण र सचेतना फैलाउने चाडको रुपमा पनि लिने गरिएको छ। पछिल्लो समय महिला अधिकारका पक्षमा तीजका माध्यमबाट महिलाहरु संगठित गर्ने कामसंगै महिलाहरु पनि आर्थिक रुपले सम्पन्न हुदै गएका छन् भन्ने सन्देश दिन भोजभतेर, गहना र कपडाको प्रदर्शन गर्ने अवसर पनि बन्दै गएको छ । तीज सांस्कृतिक पर्व भन्दा व्यावसायिक बन्दै गएको छ। नेपाली महिलाहरुले मनाउँदै आएको हरितालिका तीज पछिल्लो समय व्यापारतर्फ उन्मुख भएको छ । तीजलाई व्यापारको माध्यम नबनाउन स्थानीय प्रशासनले सूचना जारी गर्दा चर्को विरोधको सामना गर्नुपर्ने अवस्था आएको छ। तीज आउनु भन्दा धेरै अगाडिदेखि होटल, पार्टी प्यालेस र रेष्टुराहरुमा गएर मनाउने चलन बढेर गएको छ । हरेक कार्यालय, संघ, संस्था, राजनीतिक दल, भातृ संस्था, प्रतिष्ठान, जातीय संघ, संगठनले तीजको दर खुवाउने चलन शुरु भएको छ।

अन्य चाड पर्व खुम्चने तर तीज फैलिएको छ। संसारका जुनसुकै ठाउँमा पुगेका नेपालीले तीज पर्व मनाउने गरेका छन।नेपालमा भन्दा बढी विदेशमा तीज मनाउन गायिका र कलाकार बोलाएर मनोरञ्जन गर्ने र सांस्कृतिक महत्त्व दर्शाउने काम गरेका छन।शहरबजारमा तीज आउनु भन्दा धेरै अगाडि महंगा पहिरन सकि नसकि किन्नुपर्ने, सारी, गहना देखाएर मनाउने चलन बढेको छ । अब स्कुलको शुल्क, छुट्टयाए जस्तै तीज खर्च छुटट्याउनु पर्ने भएको छासामाजिक संजालमा जोडिन, भिडियो बनाउने, टिकटक बनाउने, यू ट्यूवमा भ्युअर्स बढाउनेले कमाउने मौका पाएका छन् । उत्पादकहरुले आफ्ना वस्तु विक्रीको माध्यम तीज बनाउन थालेका छन् । तीजलाई मौलिक सांस्कृतिक पर्व बनाउन लाग्नुपर्नेहरु नै होटल, रेष्टुरा पार्टी प्यालेसहरुमा बोलाएर भोज भतेर गराउने गरेका छन् । तीजमा महिला दिदीबहिनीहरुलाई माइत बोलाएर दर खुवाउने चलन हो । दिदीबहिनीहरु माइतमा भेट भएर सुख दुःखका कुरा साटासाट गर्ने अधिकारका बारेमा सचेत पार्ने बेला पनि हो । कुन संस्थाले सम्झ्यो, कुन संस्थाले सम्मान गर्यो भन्ने रुपमा हेर्न थालिएको छ। अरुबाट प्रायोजन गरेर आ आफ्नो संस्थाले दर खुवाएको र महिलालाई सम्मान गरेको नाटक मञ्चन गर्न थालेका छन् ।

तीजमा महिलालाई सम्मान गर्ने, महिला अधिकारको कुरा गर्ने र प्रोत्साहन गर्नेहरु आफ्नै संस्थामा नेतृत्व दावी गर्दा खुट्टा तान्ने, मर्यादा नगर्ने प्रबृत्ति हटाउने वाचा गर्नुपर्ने वेला आएको छ। तीजका अवसरमा गरिएका गतिविधि देखावटी होइन भन्ने देखाउन ब्यवहारिक रुपमा समान अधिकार, समान सहभागिता, महिला अधिकार र असमानता हटाउन लाग्नु पर्दछ। नेपाली महिलाहरुको सांस्कृतिक पर्व तीजलाई विकृति र विसंगति हुन नदिन महिला अधिकारवादी र महिला संघ संगठनहरु लाग्नुपर्दछ। चाडपर्वलाई सबैले सहजरुपमा मनाउन सक्ने अवस्था हट्दै गएको छ। चाडपर्व महंगो र भड्किलो बन्दै गएको छ । तीजलाई महिलामाथी हुने भेदभाव र कुसंस्कार विरुद्ध अधिकार प्राप्ति र दिदीबहिनीहरु बिचको मिलनको चाडको रुपमा विकास गर्न आवश्यक छ । नेपालमा महिलाहरु राजनीतिक रुपले जति सचेत छन् त्यसको प्रयोग व्यवहारिक रुपमा आउन सकेको छैन ।

संघ, प्रदेश र स्थानीय तहमा महिलाको प्रतिनिधत्व एक तिहाई छ। स्थानीय तहमा महिला प्रतिनिधित्व ४० प्रतिशत पुगेको छ। उनीहरुलाई क्षमता अभिवृद्धि तालिम दिने र आर्थिक रुपले सवल बन्न सके वास्तविक रुपमा महिला अधिकार सम्पन्न हुन्छन्। चाड पर्वको अवसरमा महिलालाई सचेत बनाउने र उनीहरुलाई पुरुषको अधिनमा रहनुपर्छ भन्ने सोच राख्ने विरुद्ध जुध्न सक्ने बनाउन सकेमा मात्र महिला ससक्तिकरण हुन सक्छ। महिलाहरूको महान चाड तीजको अवसरमा देशविदेशमा रहेका सम्पूर्ण महिलाहरुलाई हार्दिक शुभकामना ।


## तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शारीरिक झमेला | तुला | : मन चञ्चल |
| वृष | : ब्यापारमा लाभ | वृश्चिक | : सहयोग मिल्नेछ |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : सत्कार मिल्नेछ |
| कर्कट | : शत्रुको भय | मकर | : सम्मान मिल्नेछ |
| सिंह | : झमेला बड्ने | कुम्भ | : आर्थिक समस्या |
| कन्या | : कार्यमा सफलता | मीन | : मानसिक तनाब |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा–१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस् ।


# पर्यटकको आकर्षण केन्द्र बन्दै मनाङ

पोखरापत्र संवाददाता
मनाङ, ३१ भदौं

नेपालीहरुमा अहिले भ्रमण गर्ने प्रचलन बढ्दै गएको छ । यसले गर्दा पर्यटकीय स्थलको खोज, अनुसन्धान र स्थानीय पर्यटकीय क्षेत्रको पनि प्रवर्द्धन हुने गरेको छ । प्राकृतिक सौन्दर्यताले भरिपूर्ण हिमाली जिल्लामा पर्यटक आउने क्रम अझै बढ्दो छ । मनाङका विभिन्न स्थान नै प्राकृतिक छटाले भरिपूर्ण भएकाले यहाँ आउने पर्यटक बढ्दै गएको स्थानीय बताउँछन् ।

विगतमा बाह्य पर्यटक बढी आउने यस स्थानमा हाल आन्तरिक पर्यटकको पनि आगमन हुने गरेको अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना कार्यालय (एक्याप) मनाङले जनाएको छ। सो कार्यालयका अनुसार बाह्य पर्यटकको सङ्ख्या सङ्कलन गर्ने भए पनि आन्तरिक पर्यटकको सङ्ख्या टिपोट गरिएको हुँदैन ।

बाह्य पर्यटकले पदयात्रा बढी मन पराउँछन् भने आन्तरिक पर्यटक सवारी साधनमार्फत यहाँ आउने गर्दछन् । विदेशी पर्यटक पदयात्राकै क्रममा यहाँको मनमोहक दृश्यमा रमाउन रुचाउँछन् । विदेशीले बिरामी भएमा मात्रै सवारी साधन प्रयोग गर्ने गरेको पाइएको एक्यापले जनाएको छ।

पर्यटन व्यवसायी सङ्घ मनाङका अध्यक्ष विनोद गुरुङले बेमौसममा कम मात्रामा यहाँ बाह्य पर्यटक आउने गरेको जानकारी दिनुभयो । उहाँले भन्नुभयो, “याम सुरु भयो, अब पर्यटक आउने क्रम बढेको छ, बाह्यसँगै आन्तरिक पर्यटकको आगमन पनि बढ्ने क्रममा रहेको छ ।” अझै मध्य याममा यहाँ पर्यटक बढ्ने उहाँले बताउनुभयो। मनाङ पर्यटकको ‘हब’का रुपमा विकास हुँदै गएको गुरुङले बताउनुभयो। मनाङ पर्यटकको हबमा विकास हुँदै गर्दा यहाँ पर्यटक रहनका लागि व्यवस्थापनमा स्थानीयको जोड छ । मनाङ ङिस्याङ गाउँपालिका-१ पिसाङ निवासी ७९ वर्षीय याङ्दुङ गुरुङले विदेशी पर्यटकसँगै यस याममा यहाँ आन्तरिक पर्यटक बढी आउने समय भएको बताउनुभयो। उहाँले भन्नुभयो, “पहिले विदेशी मात्रै हुन्थे, अहिले विदेशीसँगै नेपाली पर्यटक धेरै आउँछन्, मौसममा पिसाङमा रहेका ४८ होटल पूरै भरिन्छन् ।” याम सुरु भएकाले पर्यटक दैनिक रुपमा बढ्दै गएका उहाँले बताउनुभयो।

दैनिक रुपमा यहाँ पर्यटक आउने क्रम बढ्दै गएको छ । अन्नपूर्ण क्षेत्र संरक्षण आयोजना कार्यालय (एक्याप) का प्रमुख ढकबहादुर भुजेलले दैनिक रुपमा मनाङमा पर्यटक आउने क्रम सुरु भएको जानकारी दिनुभयो । उहाँका अनुसार यहाँ दैनिक रुपमा ७० भन्दा बढी पर्यटकको आगमन हुने गरेको छ । उहाँले भन्नुभयो, “विस्तारै यहाँ आउने पर्यटक बढ्दै गएका छन्, यहाँका होटल पूर्ण रुपमा भरिभराउ हुने गर्दछन् ।” दुई सिजन गरी मनाङमा पर्यटक घुम्न आउने गर्दछन् । हिमाल, उच्च पहाडका दृश्यावलोकन, मनाङवासीको रीतिरिवाज, प्राकृतिक सुन्दरता अवलोकन गर्नुका साथै मनाङबाट थोराङ्ला भञ्ज्याङ पार गरी कोही मुस्ताङ त कोही पोखरा जान अन्नपूर्ण पदमार्गमा पर्यटक आउने गर्छन् । अन्नपूर्ण पदमार्गको प्रवेशद्वार लमजुङको बैंसीसहर नगरपालिका-७ मनाङ्गे चौताराबाट पदयात्राको सुरुआत हुन्छ । अन्नपूर्ण पदमार्ग लमजुङसहित मनाङ, मुस्ताङ, म्याग्दी र कास्की गरी पाँच जिल्लामा जोडिएको छ। काठमाडौँदेखि बैंसीसहरसम्म सवारी साधनमार्फत पर्यटक आउने गर्दछन् भने पदमार्गबाट मनाङका विभिन्न पर्यटकीयस्थलको अवलोकन गर्दै यात्राको सुरुआत गर्दछन् ।

# मानसिक स्वास्थ्यसम्बन्धी अभियान सञ्चालन गरिने

रासस
बागलुङ, ३१ भदौं

पछिल्लो समय आत्महत्याका घटना बढेकाले स्वास्थ्य कार्यालय बागलुङले सोसम्बन्धी अध्ययन गर्ने र न्यूनीकरणमा पहल गर्ने भएको छ।

कार्यालयले आयोजना गरेको आर्थिक वर्ष २०७९/८० को समीक्षा कार्यक्रमपछि जारी घोषणापत्रमा सबै पालिकाले मानसिक स्वास्थ्यसम्बन्धी अभियान सञ्चालन गर्ने घोषणा गरेका हुन् । मानसिक समस्याका कारण आत्महत्या बढेका कार्यक्रममा सहभागी १० वटै पालिकाका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्यकर्मी तथा धौलागिरि अस्पतालका प्रतिनिधिले बताएका छन् । शतप्रतिशत खोपको मात्रा पुगेको जिल्ला बनाउने, आवश्यकताअनुसार खोप केन्द्र थप गर्नेलगायत विषय समेटेर २२ बुँदे घोषणापत्र जारी गरिएको कार्यालयका प्रमुख प्रविण शर्माले बताउनुभयो । उहाँका अनुसार घोषणापत्रमा बालमैत्री जिल्ला बनाउने अभियानमा स्वास्थ्यकर्मीको भूमिका महत्वपूर्ण हुने भन्दै त्यसबारेका सूचक पूरा गर्न सधैँ तयार रहने उल्लेख गरिएको छ।

स्वास्थ्य संस्थामा रेकर्ड पद्धति व्यवस्थित बनाउने भन्दै प्रमुख शर्माले सबै पालिकाले विद्युतीय रेकर्ड पद्धति बसाल्दा यकीन तथ्याङ्क प्राप्त हुने र बाल स्वास्थ्यमा सुधार ल्याउन सकिने बताउनुभयो। उहाँका अनुसार हरेक स्वास्थ्य संस्थामा रहेका खोप बचाउन ‘कोल्ड चेन’ पद्धतिलाई प्रभावकारी बनाउने सहभागीले घोषणा गरेका छन् ।

“कोल्ड चेनमा एक मिनेट पनि खराबी आयो भने खोपले काम गर्दैन”, शर्माले भन्नुभयो, “बरु कार्यालय सञ्चालनमा कर्मचारी नभए पालो गरौँ, कोल्ड चेन बिग्रियो भने उपचार गरेको अर्थ हुँदैन ।” हेपाटाइटिस बीलगायतका रोगविरुद्धको खोप माइनसमा राख्न नसकेमा काम नगर्ने हुँदा बिरामी निको नहुने उहाँले बताउनुभयो । त्यस्तै अन्य रोगमा पनि तोकिएकै तापक्रम हुनुपर्नेमा कार्यालय सहयोगीको भरमा छाडियो भने करोडौँ लगानी डुब्ने र उपचार पनि प्रभावहिन हुने स्वास्थ्यकर्मीको ठहर छ । उक्त अवसरमा स्वास्थ्य कार्यालयले बागलुङका १० पालिका र सबै स्वास्थ्यचौकीको आन्तरिक मूल्याङ्कन गरेको थियो । मूल्याङ्कनमा बडिगाड गाउँपालिकाको स्वास्थ्य शाखा प्रथम भएको छ । त्यस्तै बडिगाडकै आधारभूत स्वास्थ्य सेवाकेन्द्र खरवाङले उत्कृष्ट संस्थाको पुरस्कार पाएको छ।

कार्यसम्पादनतर्फ तमानखोलाको बुङ्गादोभान स्वास्थ्यचौकी द्वितीय, निसीखोलाको बोहोरागाउँ स्वास्थ्य चौकी तृतीय र गलकोट नगरपालिकाको हटिया स्वास्थ्यचौकी सान्त्वना भएका छन् । पालिकातर्फ भने तमानखोला गाउँपालिका द्वितीय र गलकोट नगरपालिका तृतीय भएका छन्। संस्थामा उत्कृष्ट व्यानर तथा पोस्टर बनाएर राखेको भन्दै गलकोट नगरलाई प्रथम पुरस्कार दिइयो।

# नेपाल अर्बुद कास्कीको चित्रकला प्रतियोगितामा राई प्रथम

पोखरापत्र संवाददाता
पोखरा, ३१ भदौं



नेपाल अर्बुद रोग निवारण संस्था कास्की शाखाद्वारा विश्व धुम्रपान रहित दिवसको अवसरमा मा.वि. स्तरिय चित्रकला प्रतियोगिता आयोजना गरको छ।

हालै भएको प्रतियोगितामा गण्डकी बोर्डिङ स्कुलकी श्रेया राई प्रथम, बालोदय इङ्ग्लिस बोर्डिङ स्कुलकी इशिभा पौडेल द्वित्तिय, शितलादेवी सामुदायिक मा.वि. की चाँदनी शाह तृत्तिय, कुमुदिनी होम्स सकेण्डरी स्कुलकी अविस्ना पालिखे र निलगिरी इङ्ग्लिस बोर्डिङ स्कूलका बरदान लिगलले सान्त्वना स्थान हाँसिल गरे । संस्थाको ४१औं वार्षिकोत्सवको पूर्व सन्ध्यामा हार्दिक बधाई सहित पुरस्कृत गर्नुको साथै अन्य सहभागी विद्यार्थीहरुलाई पनि प्रमाणपत्र वितरण गरिएको छ । पुरस्कृत विद्यार्थीहरुलाई स्वास्थ्य कार्यालय कास्कीका प्रमुख बद्रीराज आचार्यले पुरस्कार प्रदान गरेका थिए।

नेपाल अर्बुद रोग निवारण संस्था कस्कीका सभापति प्रेमवहादुर भुजेलको अध्यक्षतमा भएको कार्यक्रममा संस्थाका निवर्तमान अध्यक्ष रामचन्द्र थापा, सह केषाध्यक्ष कृष्णमान मानन्धर, नेपाल परिवार नियोजन संघ कास्कीका सभापति नविन सिग्देल, पुरस्कृत मध्यवाट इशिभा पौडेल लगायत वोलेको कार्यक्रममा सचिव डिल्लीप्रसाद शर्माले संचालन र संस्थाका उपसभापति नारायण पराजुलीले धन्यवाद दिएका थिए । प्रतियोगिताको निर्णायकमा वरिष्ठ कलाकार गोपाल श्रेष्ठ रहेका संस्थाका सदस्य शान्तकुमार श्रेष्ठले पोखरापत्रलाई वताए।

# स्वागत टोल बिकास संस्थाको अध्यक्षमा देवी बहादुर केसी

पोखरापत्र संवाददाता
पोखरा, ३१ भदौं



स्वागत टोल बिकास संस्थाको अध्यक्षमा पुनः देवी बहादुर केसी निर्वाचित भएका छन । पोखरा १४ चाउथेमा रहेको स्वागत टोल बिकास संस्थाको छैठौ साधारणसभा तथा तेश्रो अधिवेशनबाट सर्वसम्मत रुपमा देवी बहादुर केसी अध्यक्षमा निर्वाचित भएका हुन ।

संस्थाको उपाध्यक्षमा सुवेदार मेजर देव बहादुर राना, सचिवमा क्याप्टेन कृष्ण थापा, कोषाध्यक्षमा सूर्य बहादुर थापा र सह सचिवमा संगीता पौडेल अधिकारी निर्वाचित भएका छन । त्यसैगरी कार्यसमिति सदस्यहरुमा भरत लामिछाने, सुवेदार मेजर नन्द बहादुर घले, योगेन्द्र पूर्जा, ममता श्रेष्ठ, माया बराल क्षेत्री र दीपा छिमाल निर्वाचित भएका छन ।

साधारणसभा तथा अधिवेशनको उद्घाटन गर्दै पोखरा महानगरपालिका वडा नम्बर १४ का अध्यक्ष बोधराज कार्कीले स्वागत टोल बिकास संस्था वडा नम्बर १४ को नमुना संस्था रहेको वताए । स्वागत टोल बिकास संस्थाले वडामै उत्कृष्ट काम गरेको वताउदै संस्था आफैले आफ्नो क्षेत्रमा सडक निर्माण, खानेपानीको पाइप बिस्तार तथा सुरक्षालाई मध्यनजर गरी सिसिटिभी क्यामेरा जडान गरी वडाले गर्नुपर्ने काम टोल बिकास संस्था स्वयं आफैले गरेकोमा आभार प्रकट गरे। आगामी दिनमा संस्थामा रहेका महिला दिदीबहिनीहरुलाई लक्षित गरी ब्यवशायीक सीपमुलक तालिमहरु प्रदान गर्न आफु अग्रसर भएर लाग्ने समेत कार्कीले बताए। त्यस्तै वडा सदस्य कृष्णहरि काफ्लेले वडामा उत्कृष्ट संस्था स्वागत टोल बिकास संस्था भएको वताउदै टोलभित्रका बिकास निर्माणका गतिविधीमा आफुले सक्दो सहयोग गर्ने प्रतिवद्धता ब्यक्त गरे । त्यस्तै महिला नेतृ माया बराल क्षेत्रीले स्वागत टोल बिकास संस्थामा रहेको महिला दिदीबहिनीहरुलाई नेतृत्व बिकासका लागी वडाले तालिमहरु प्रदान गर्न आवश्यक रहेको वताइन । पत्रकार एमबी आस्था मगरले स्वागत टोल बिकास संस्थाले महानगरले गर्नुपर्ने काम आफै गरेको वताउदै अन्या संघ संस्थाहरुले पनि स्वागत टोल बिकासको अनुसरण गर्नुपर्नेमा जोड दिए।

संस्थाका अध्यक्ष देवी बहादुर केसीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सचिव क्याप्टेन कृष्ण बहादर थापा र कोषाध्यक्ष मन्जु गुरुङ्गले सचिव र कोषाध्यक्षको प्रतिवेदन प्रस्तुत गरेका थिए। संस्थाका सह सचिव संगीता पौडेल अधिकारीले सञ्चालन गरेको कार्यक्रममा स्वागत मन्तब्य सचिव क्याप्टेन कृष्ण बहादुर थापाले स्वागत मन्तब्य राखेका थिएभने किड्स होम मन्टेश्वरीका प्रिन्सिपल सुर्जु थापा, रुपक थनेत, थान बहादुर खड्का लगायतले मन्तब्य राखेका थिए। सो अवसरमा विभिन्न ब्याक्तिहरुलाई सम्मान समेत गरिएको थियोभने नेपाली नारीहरुको महान चाड तीजको अवसर पारी दिदीबहिनीहरुले नाचगान समेत गरेका थिए ।

# उत्पादन प्रवर्द्धनका लागि साप्ताहिक कृषि हाटबजार

पोखरापत्र संवाददाता
वालिङ, ३१ भदौं

स्याङ्जाको फेदीखोला गाउँपालिका-१ सर्केटारीमा साप्ताहिक कृषि हाटबजार सञ्चालनमा आएको छ । फेदीखोला साना किसान कृषि सहकारी संस्थाले फेखीखोलाका साना किसान तथा लघु उद्यमीको उत्पादन प्रवर्द्धनका लागि प्रत्येक शनिबार हाटबजार सञ्चालन गरेको हो ।

किसानले उत्पादन गरेका विभिन्न प्रकारका तरकारी, फलफूल, माछामासु लगायतका उत्पादन कृषि हाटबजारमा ल्याएर बिक्री वितरण गर्ने व्यवस्था मिलाइएको सहकारीका अध्यक्ष नेत्र कार्कीले बताउनुभयो। “किसानले उत्पादन गरेका वस्तुको बजारीकरणमा सहयोग पुऱ्याउने उद्देश्यले हाटबजार सञ्चालन गरेका हौँ”, उहाँले भन्नुभयो, “हिजोबाट हाटबजार सञ्चालनमा आएसँगै स्थानीय किसान उत्साहित हुनुहुन्छ ।” सिद्धार्थ राजमार्गको छेउमै सञ्चालन भएको हाटबजारबाट स्याङ्जा, पोखरा आवतजावत गर्ने यात्रुले बढी मात्रामा सामग्री खरिद गर्ने गरेका छन्। “बाटोमा हिँड्ने यात्रुले सवार ीसाधन रोकेर हाटबजारमा रहेका आफूलाई आवश्यकपर्ने कृषि तथा पशुजन्य सामग्री लैजानुभयो”, उहाँले भन्नुभयो, “जसले गर्दा किसानले बजार खोज्दै हिँड्नुपर्ने अवस्था नभइ सहजरुपमा बिक्री भयो, आशा छ आगामी दिनमा किसानले अझै उत्पादन बढाउँदै लैजानु हुनेछ ।” प्रत्येक शनिबार सञ्चालन हुने कृषि हाटबजारलाई व्यवस्थित र नियमितरुपमा अगाडि बढाउने उहाँ बताउनुहुन्छ । प्रत्येक शनिबार बिहान ८ देखि बेलुका ६ बजेसम्म किसानले उत्पादन गरेका वस्तु तथा उत्पादित सामग्रीको खरिदबिक्री हुन्छ । स्थानीय उत्पादनलाई एकै ठाउँबाट खरिदबिक्री गर्नका लागि हाटबजार सञ्चालनमा आएको गाउँपालिकाका अध्यक्ष घनश्याम सुवेदीले बताउनुभयो । “यहाँका किसानलाई प्रोत्साहन गर्न गाउँपालिकाले उत्पादनमा आधारित वस्तुमा १५ प्रतिशत नगद अनुदान दिन्छौँ”, उहाँले भन्नुभयो, “जसले गर्दा किसानले उत्पादनमा जोड दिनुभएको छ, उत्पादित वस्तुको सहज बजारीकरणमा ध्यान दिँदै साप्ताहिक हाटबजार सञ्चालनमा आएको हो ।” गाउँपालिकाले २६ वटा तरकारी बालीको समर्थन मूल्य निर्धारण गरिदिएको छ । गाउँ-गाउँमा किसानले उत्पादन गरेका कृषिजन्य वस्तुको बजारीकरणका लागि ढुवानीमा समेत सहयोग गर्दै आएको उहाँले बताउनुभयो । “सडककै छेउमा रहेकाले पनि पहिलो दिन नै राम्रो बिक्री भएको छ”, उहाँले भन्नुभयो, “यो राम्रो सुरुआत हो, यसको व्यवस्थापन र निरन्तरताका विषयमा थप जोड दिन्छौँ ।” हाटबजारमा किसानले उत्पादन गरेका कृषिजन्य तथा पशुजन्य उत्पादन बिक्री गर्न पाउने र आफूलाई आवश्यक परेका औजार, उपकरण खरिद गर्न पाउने गरी व्यवस्थापन गरिएको छ।

